नेपाल सरकार
# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
(गुनासो व्यवस्थापन तथा समन्वय शाखा)
सिंहदरबार, काठमाडौं ।

फोन : ०१-४२११९०३

पत्र संख्या: २०७४।७५
च.नं .: १२०

मितिः- २०७५/०३/२५

**श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई,**
**(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)**
**ज्वागल, ललितपुर**

विषयः निर्णय कार्यान्वयन गर्ने बारे।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको मिति २०७५।३।२० गते बसेको १०९ औं बैठकको निर्णयको प्रतिलिपि संलग्न छ । उक्त बैठकको निर्णय नं.१ तथा सोको तालिका १ (जस अन्तर्गत MIS बाट स्वीकृत लाभग्राही सूचीको सफ्ट कपि समेत पठाईएको) कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ । साथै लाभग्राही सूचीको Reason मा Legal उल्लेखित लाभग्राहीहरुको सम्वन्धित स्थानीय तहले सम्झौता गर्नु अघि पुनः जाँचबुझ (स्थलगत तथा प्रमाण कागजातको)गर्ने गराउने व्यवस्था मिलाउनु हुन समेत आदेशानुसार अनुरोध छ ।

(नोटः लाभग्राहीसँग सम्झौता गर्दा कार्यकारी समितिको १०३औं बैठकको निर्णय नं२(४)का निर्देशनहरु बमोजिम गर्नु गराउनु हुन समेत अनुरोध छ ।)

**(लालबहादुर बस्नेत)**
शाखा अधिकृत

**बोधार्थः**
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
ललितपुर/नुवाकोट/धादिङ/सिन्धुली/ओखलढुंगा/मकवानपुर/रामेछाप/काभ्रेपलाञ्चोक/सिन्धुपाल्चोक/दोलखा/गोरखा
श्री सूचना व्यवस्थापन शाखा
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १०९औं बैठकको निर्णयहरु

स्थानः- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतज्यूको कार्यकक्ष, सिंहदरबार ।

मिति :-२०७५।०३।२०

समयः- बिहान ९:०० बजे

निर्णय नं.१

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान प्राप्त गर्न नसकी गुनासो दर्ता गराएका भूकम्प प्रभावित व्यक्तिहरुको सम्बन्धमा कार्यकारी समितिको निर्णय अनुसार छुट सर्भेक्षण र पुनःजाँच निरिक्षण गरी इन्जिनियरहरुबाट MIS मा प्राप्त भएका तथ्यांकहरुको विश्लेषण गरी लाभग्राही/ गैरलाभग्राही कायम गर्न सिफारिस भएका ४९,२७२ गुनासोको विवरण तयार पारिएको छ । उक्त विवरणमा उल्लेख भएका गुनासोकर्ताहरुलाई लाभग्राही/गैरलाभग्राही कायम गर्नुपर्ने भएको छ ।

छुट तथा पुनःजाँच सर्भेक्षण गरी इन्जिनियरहरुबाट MIS मा प्राप्त भएका गुनासोहरुको विश्लेषण विवरण तयार पारिएको छ । निजी आवास पुनर्निर्माण अनुदान वितरण (पहिलो संशोधन) कार्यविधि, २०७३ को दफा ३ (१क) बमोजिम लाभग्राही कायम गर्न गठित केन्द्रीय गुनासो व्यवस्थापन समितिबाट ४९,२७२ गुनासोकर्ताहरुको निर्णयका लागि पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधिको दफा १२ (३क) बमोजिम सिफारिस भएको छ। कार्यकारी समितिबाट हालसम्म कुल ९१,९१८ गुनासाको निर्णय भईसकेको जसमा ३९,७८१ पूर्ण लाभग्राही, २७,०६३ प्रवलीकरण लाभग्राही (Retrofitting Beneficiary), २०,६९० गैरलाभग्राही कायम भएको र गुनासोकर्ताहरु मध्ये ४,३८४ पहिले नै लाभग्राहीमा परिसकेका छन् ।

लाभग्राही तथा गैरलाभग्राही कायम गर्ने स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णयः

छुट तथा पुनजाँच सर्वेक्षणबाट प्राप्त तथ्यांकहरुको छानविन गरी प्राप्त विभिन्न जिल्लाका तालिका-१ मा उल्लेखित ११ वटा जिल्लाका १५,५०९ गुनासोकर्तालाई पुनर्निर्माण लाभग्राही (Probable Beneficiary) ३,९६२ गुनासोकर्तालाई सम्भाव्य लाभग्राही (Potential Beneficiary),१५,७६६ गुनासोकर्तालाई प्रवलीकरण लाभग्राही (Retrofitting Beneficiary) र ११,४७५ गुनासोकर्तालाई गैरलाभग्राही कायम गर्ने ।

नि० सचिव

निर्णय नं. २

जोखिम वर्गमा परेका लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सूचीकृत १८,५०५ मध्येका लाभग्राहीहरुलाई स्थायी निजी आवास निर्माणमा सहयोग गर्ने उद्देश्य अनुरुप गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम CARE Nepal नामको अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट परियोजना प्रस्ताव पेश हुन आएको छ । उक्त परियोजना प्रस्ताव स्वीकृत गर्नुपर्ने भएको छ ।

प्रस्तावित परियोजनाका सम्बन्धमा यस प्राधिकरणका विज्ञ कार्यकारी सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठबाट मिति २०७५ असार ७ मा जोखिम वर्गमा परेका लाभग्राहीहरुको निजी आवास पुनर्निर्माणमा सहयोग गर्ने प्रस्ताव स्वीकृत हुन सिफारिस भएको छ ।

जोखिम वर्गमा परेका लाभग्राहीहरुको निजी आवास पुनर्निर्माणमा सहयोगको लागि CARE Nepal नामक गैर सरकारी संस्थाबाट माथि उल्लेख भए बमोजिमको प्रस्ताव गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय:

संलग्न अनुसूची-१ बमोजिमको CARE Nepal नामक गैर सरकारी संस्थाको जोखिम वर्गमा परेका लाभ ग्राहीहरूको निजी आवास पुनर्निर्माणमा सहयोग गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय नं. ३

जोखिम वर्गमा परेका लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सूचीकृत १८,५०५ मध्येका लाभग्राहीहरुलाई स्थायी निजी आवास निर्माणमा सहयोग गर्ने उद्देश्य अनुरुप गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम Mercy Corps नामको अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट परियोजना प्रस्ताव पेश हुन आएको छ । उक्त परियोजना प्रस्ताव स्वीकृत गर्नु पर्ने भएको छ ।

प्रस्तावित परियोजनाका सम्बन्धमा यस प्राधिकरणका विज्ञ कार्यकारी सदस्य डा। श्री चन्द्र बहादुर श्रेष्ठबाट मिति २०७५ असार ७ मा जोखिम वर्गमा परेका लाभग्राहीहरुको निजी आवास पुनर्निर्माणमा सहयोग गर्ने प्रस्ताव स्वीकृत हुन सिफारिस भएको छ ।

जोखिम वर्गमा परेका लाभग्राहीहरुको निजी आवास पुनर्निर्माणमा सहयोगको लागि Mercy Corps नामक गैर सरकारी संस्थाबाट माथि उल्लेख भए बमोजिमको प्रस्ताव गैर सरकारी संस्था परिचालन

सचिव

सम्बन्धी कार्यविधि, २०७२ बमोजिम स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय:

संलग्न अनुसूची-२ बमोजिमको Mercy Corps नामक गैर सरकारी संस्थाको जोखिम वर्गमा परेका लाभग्राहीहरूको निजी आवास पुनर्निर्माणमा सहयोग गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

<u>निर्णय नं. ४</u>

जोखिम वर्गमा परेका लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सूचीकृत १८,५०५ मध्येका लाभग्राहीहरुलाई स्थायी निजी आवास निर्माणमा सहयोग गर्ने उद्देश्य अनुरुप पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम Nepal Red Cross Society नामको राष्ट्रिय गैर सरकारी संस्थाबाट जोखिम वर्गमा पर्ने लाभग्राहीहरुको निजी आवास निर्माणमा सहयोग गर्ने उद्देश्यले निवेदन प्राप्त भएको छ । निजी आवास निर्माणमा सहयोग गर्ने उक्त प्रस्ताव स्वीकृत गर्नु पर्ने भएको छ ।

प्रस्तावित परियोजनाका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका विज्ञ कार्यकारी सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठबाट मिति २०७५ आषाढ १५ मा निजी आवास निर्माणमा सहयोग गर्ने प्रस्ताव स्वीकृत हुन सिफारिस भएको छ ।

जोखिम वर्गमा परेका लाभग्राहीहरुको निजी आवास पुनर्निर्माणको लागि Nepal Red Cross Society नामक गैर सरकारी संस्थाबाट माथि उल्लेख भए बमोजिमको प्रस्ताव गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय:

यसै साथ संलग्न अनुसूची-३ बमोजिमको Nepal Red Cross Society नामक गैर सरकारी संस्थाको जोखिम वर्गमा परेका लाभग्राहीहरुको निजी आवास निर्माणमा सहयोग गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

<u>निर्णय नं. ५</u>

जोखिम वर्गमा परेका लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सूचीकृत १८,५०५ मध्येका लाभग्राहीहरुलाई स्थायी निजी आवास निर्माणमा सहयोग गर्ने उद्देश्य अनुरुप पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम People in Need नामको अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट जोखिम वर्गमा पर्ने लाभग्राहीहरुको निजी आवास

नि. सचिव

निर्माणमा सहयोग गर्ने उद्देश्यले निवेदन प्राप्त भएको छ । निजी आवास निर्माणमा सहयोग गर्ने उक्त प्रस्ताव स्वीकृत गर्नु पर्ने भएको छ ।

प्रस्तावित परियोजनाका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका विज्ञ कार्यकारी सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठबाट मिति २०७५ आषाढ १० मा निजी आवास निर्माणमा सहयोग गर्ने प्रस्ताव स्वीकृत हुन सिफारिस भएको छ ।

जोखिम वर्गमा परेका लाभग्राहीहरुको निजी आवास पुनर्निर्माणको लागि People in Need नामक गैर सरकारी संस्थाबाट माथि उल्लेख भए बमोजिमको प्रस्ताव गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णयः
संलग्न अनुसूची-४ बमोजिमको People in Need नामक गैर सरकारी संस्थाको जोखिम वर्गमा परेका लाभग्राहीहरुको निजी आवास निर्माणमा सहयोग गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

<u>निर्णय नं. ६</u>
२०७२ को भूकम्प पश्चात्को पुनर्निर्माणको अभियानमा गैर सरकारी क्षेत्रलाई संलग्न गराउने उद्देश्यले पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ प्रचलनमा रहेको छ । यसै कार्यविधिमा आधारित रहेर Oxfam Nepal नामक गैर सरकारी संस्थाबाट जोखिम वस्ती स्थानान्तरण र भूकम्पपीडितहरुका लागि जीविकोपार्जन प्रवर्द्धन र खानेपानी तथा स्वास्थ्य सरसफाई सम्बन्धी क्रियाकलाप गर्ने उद्देश्यले निवेदन प्राप्त भएको छ । उपरोक्त प्रस्ताव कार्य गर्न प्राप्त प्रस्ताव स्वीकृत गर्नुपर्ने भएको छ ।

प्रस्तावित परियोजनाका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण-केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) बाट र विज्ञ कार्यकारी सदस्य श्री ध्रुवप्रसाद शर्माबाट मिति २०७५।०१।०७ उपरोक्त प्रस्ताव स्वीकृत हुन सिफारिस भएको छ ।

जोखिम वस्ती स्थानान्तरण र भूकम्प पीडितहरुका लागि जीविकोपार्जन प्रवर्द्धन र खानेपानी तथा स्वास्थ्य सरसफाई सम्बन्धी कार्य गर्नका लागि Oxfam Nepal नामक गैर सरकारी संस्थाबाट माथि उल्लेख भए बमोजिमको प्रस्ताव गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

नि. सचिव

निर्णयः

संलग्न अनुसूची-५ बमोजिमको Oxfam Nepal नामक गैर सरकारी संस्थाको जोखिम वस्ती स्थानान्तरण र भूकम्पपीडितहरुका लागि जीविकोपार्जन प्रवर्द्धन र खानेपानी तथा स्वास्थ्य सरसफाई सम्बन्धी कार्य गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय नं. ७

जोखिम वर्गमा परेका लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सूचीकृत १८,५०५ मध्येका लाभग्राहीहरुलाई स्थायी निजी आवास निर्माणमा सहयोग गर्ने उद्देश्य अनुरुप पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम Practical Action Nepal नामको राष्ट्रिय गैर सरकारी संस्थाबाट जोखिम बर्गमा पर्ने लाभग्राहीहरुको निजी आवास निर्माणमा सहयोग गर्ने उद्देश्यले निवेदन प्राप्त भएको छ । निजी आवास निर्माणमा सहयोग गर्ने उक्त प्रस्ताव स्वीकृत गर्नुपर्ने भएको छ ।

प्रस्तावित परियोजनाका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका विज्ञ कार्यकारी सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठबाट मिति २०७५ आषाढ ७ मा निजी आवास निर्माणमा सहयोग गर्ने प्रस्ताव स्वीकृत हुन सिफारिस भएको छ ।

जोखिम वर्गमा परेका लाभग्राहीहरुको निजी आवास पुनर्निर्माणको लागि Practical Action Nepal नामक गैर सरकारी संस्थाबाट माथि उल्लेख भए बमोजिमको प्रस्ताव गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णयः

संलग्न अनुसूची-६ बमोजिमको Practical Action Nepal नामक गैर सरकारी संस्थाको जोखिम वर्गमा परेका लाभग्राहीहरुको निजी आवास निर्माणमा सहयोग गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

नि० सचिव

तालिका-१

छुट तथा पुनर्जाँच सर्भेक्षणबाट प्राप्त गुनासोको विश्लेषणबाट प्राप्त विभिन्न स्थानिय तहका लाभग्राही तथा गैरलाभग्राहीहरुको विवरण

| सि.नं. | जिल्ला | गाउँपालिका/नगरपालिका | पुनर्निर्माण लाभग्राही | सम्भाव्य लाभग्राही | जम्मा पुनर्निर्माण लाभग्राही | जम्मा प्रबलीकरण लाभग्राही | गैर पुनर्निर्माण लाभग्राही |
|---|---|---|---|---|---|---|---|
| १. | धादिङ्ग | | २०४७ | ४१७ | २४६४ | ११०९ | १५०४ |
| २. | दोलखा | | २७९४ | १६२२ | ४४१६ | १०५२ | ७२७ |
| ३. | गोरखा | | १६७९ | ७१३ | २३९२ | १८३६ | १६२२ |
| ४. | काभ्रेपलाञ्चोक | | २२५२ | ५९३ | २८४६ | १४६५ | २२०६ |
| ५. | ललितपुर | | १९० | ४० | २३० | १४९ | २४७ |
| ६. | मकवानपुर | | १२४२ | ८२ | १३२४ | ३३१७ | १८४१ |
| ७. | नुवाकोट | | ८१८ | ११६ | ९३४ | १३१ | १९३ |
| ८. | ओखलढुंगा | | ६६९ | २७ | ६९६ | ९०८ | ९९८ |
| ९. | रामेछाप | | २११६ | १५९ | २२७५ | २६५२ | ६६७ |
| १०. | सिन्धुली | | १२८४ | १९२ | १४७६ | ३१०६ | १२९५ |
| ११. | सिन्धुपाल्चोक | | ० | १ | १ | ० | ० |
| | | जम्मा | १५०९२ | ३९६२ | १९०५४ | १५७२५ | ११३०० |
| १. | दोलखा | भिमेश्वर न.पा. | २०० | ० | २०० | ० | ९ |
| २. | नुवाकोट | विदुर न.पा. | २१७ | ० | २१७ | ४१ | १६६ |

नि.सचिव

# <u>अनुसूची १</u>

| क. सं | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजना को क्षेत्र | परियोजना विवरण | | | | | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क.स | जिल्ला | गा.पा. /न.पा. | वडा नं. | लक्ष घरधुरी | प्रशासनिक | कार्यक्रम | जम्मा USS | |
| १ | CARE Nepal | Stronger Communities and Safer Habitat: Promoting Self Recovery Project | निजी आवास | १ | सिन्धुपाल्चोक (१६५) | मेलम्ची नगरपालिका (७८) | ४ | १९ | ०८ % | ९२ % | ४.५९.१७१।६३ USS | २०७६ असार |
| | | | | | | | ७ | ३६ | | | | |
| | | | | | | | ८ | २३ | | | | |
| | | | | | | पांचपोखरी थगपाल गाउपालिका (८७) | १ | ३० | | | | |
| | | | | | | | २ | २१ | | | | |
| | | | | | | | ३ | १५ | | | | |
| | | | | | | | ८ | २१ | | | | |
| | | | | २ | गोर्खा (१९०) | सुलिकोट गाउपालिका (१८) | १ | ३ | | | | |
| | | | | | | | २ | १५ | | | | |
| | | | | | | धार्चे गाउपालिका (७९) | १ | १ | | | | |
| | | | | | | | २ | ३३ | | | | |
| | | | | | | | ४ | १९ | | | | |
| | | | | | | | ५ | १८ | | | | |
| | | | | | | | ६ | ८ | | | | |
| | | | | | | सिरानचोक गाउपालिका (२५) | ६ | ११ | | | | |
| | | | | | | | ३ | १४ | | | | |
| | | | | | | अजिरकोट गाउपालिका (२६) | ५ | २६ | | | | |
| | | | | | | पालुङ्गटार | १ | १५ | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नगरपालिका (४२) | २ | २७ | | | | |
| | | | ३ | धादिङ्ग (१५२) | गङ्गाजमुना गाउपालिका (७१) | ५ | ३० | | | | |
| | | | | | | ६ | २२ | | | | |
| | | | | | | ७ | १९ | | | | |
| | | | | | त्रिपुरासुन्दरी गाउपालिका (८१) | १ | १८ | | | | |
| | | | | | | २ | २१ | | | | |
| | | | | | | ३ | १८ | | | | |
| | | | | | | ५ | १३ | | | | |
| | | | | | | ६ | ११ | | | | |

जम्मा: ५०७ घरधुरी

नि॰ सचिव

अनुसूची २

| क. सं | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजना को क्षेत्र | परियोजना विवरण | | | | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क.सं | क्रियाकलाप बिवरण | स्थान | लक्ष | प्रशासनिक | कार्यक्रम | जम्मा रु. | |
| १ | Mercy Corps | Supporting Earthquake Recovery of Vulnerable Households | आवास | १ | निजी आवास निर्माण सहयोग, जीविकोपर्जन र Cash for work | तामाकोशी गाउपालिका , दोलखा | ८९ घरधुरी | २१% | ७९% | ७,२२,३६,३२५ | २०१९ जुलाई |
| | | | | २ | निजी आवास निर्माण सहयोग, जीविकोपार्जन र Cash for work | सुनकोशी गाउपालिका, सिन्धुली | ११२ घरधुरी | | | | |
| | | | | ३ | निजी आवास निर्माण सहयोग, जीविकोपार्जन र Cash for work | बकैया गाउपालिका, मकवानपुर | ४० घरधुरी | | | | |

नि. सचिव

अनुसूची ३

| क्र.सं. | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजनाका क्रियाकलाप | परियोजना विवरण | | | | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क्र.सं. | जिल्ला | गा.पा. /न.पा. | लक्ष घरधुरी | प्रशासनिक | कार्यक्रम | जम्मा रु. | |
| १ | Nepal Red Cross Society | Support Most Vulnerable in Rasuwa and Ramechhap Districts I | निजी आवास निर्माण सहयोग (Socio Technical support + top up service) | १ | रसुवा | जिल्ला भरि | २७५ | | | २०७३।०२।२३ गते यस प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) र नेपाल रेड क्रस सोसाईटी बीच त्रिपक्षीय सम्झौता भई कार्यान्वयनमा रहेको परियोजनाबाट सम्पूर्ण खर्च व्यहोर्ने । | २०१९ मार्च |
| | | | निजी आवास निर्माण सहयोग (Socio Technical support only) | २ | रामेछाप | जिल्ला भरि | १२६३ घरधुरी | | | | |

नि० सचिव

## अनुसूची ४

| क. सं | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजनाका क्रियाकलाप | परियोजना बिवरण | | | | | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क.सं | जिल्ला | गा.पा. /न.पा. | वडा नं. | लक्ष घरधुरी | प्रशासनिक | कार्यक्रम | जम्मा रु. | |
| १ | People In Need | Hamro Ghar- Technical Assistance and Support for Vulnerable Houses I | निजी आवास निर्माण सहयोग (Socio Technical support + top up service) | १ | धादिङ्ग | ज्वालामुखी गाउपालिका | सबै वडा | १६५ | ०९।५० % | ९०।५० % | २०,०७,४८,५०९ 100 | २०७६ असार |
| | | | | २ | चितवन | इच्छाकामना गाउपालिका | सबै वडा | ६४ | | | | |
| | | | निजी आवास निर्माण सहयोग (Socio Technical support only) | धादिङ्गको ज्वालामुखी गाउपालिका र चितवनको इच्छाकामना गाउपालिकामा २५० जनालाई आवास निर्माणमा सहयोग गर्ने भनिएको भएता पनि उक्त स्थानमा जम्मा २२९ जना मात्र जोखिम वर्गमा परेका लाभग्राही रहेकाछन । बाकी २१ जना लाभाग्राहीहरुको आवास निर्माण सहयोग (Socio Technical support + top up service) र २,३५० जना लाभग्राहीलाई Socio Technical support गर्नका लागि स्थान पहिचान हुन बाकी । | | | | | | | | |

नि० सचिव

## अनुसूची ५

| क्र.सं. | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजना विवरण: क्र.सं | परियोजना विवरण: क्रियाकलाप | परियोजना विवरण: लक्ष | परियोजना विवरण: स्थान | बजेट: प्रशासनिक | बजेट: कार्यक्रम | बजेट: जम्मा रु. | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Oxfam Nepal | नेपाल पुनर्लाभ तथा पुनर्निर्माण कार्यक्रम | जीविकोपार्जन, आवास र WASH | १ | Support Labor, material, and transportation service to relocated house | २९५ घरधुरी | सिन्धुपाल्चोक र नुवाकोट | १९% | ८१% | ४३,८५,२३,६० २।०० | मार्च २०१९ |
| | | | | २ | Support to line agencies to develop integrated settlement plan | १ | | | | | |
| | | | | ३ | Prepare integrated plan for WASH and Livelihood | १ | | | | | |
| | | | | ४ | Establishment of CSEB production and other alternative construction units । | १ | | | | | |
| | | | | ५ | Support development of business plan and market linkage | १ | | | | | |
| | | | | ६ | Livelihood support activities | १८७५ घरधुरी | | | | | |
| | | | | ७ | Resilient water supply system | १३,४०४ घरधुरी | | | | | |

मरि

<u>अनुसूची ६</u>

| क. सं | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजना को क्षेत्र | परियोजना विवरण | | | | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क.सं | कियाकलाप विवरण | स्थान | लक्ष | प्रशासनिक | कार्यक्रम | जम्मा (GBP) | |
| १ | Practical Action | Leave no one behind: Housing Reconstruction in Earthquake Affected Districts I | आवास | १ | निजी आवास निर्माण सहयोग | दोर्धि गाउपालिका, लम्जुंग | ७० घरधुरी | १९% | ८१% | १२,००,०००१०० (GBP) | २०७६ असार |
| | | | | २ | निजी आवास निर्माण सहयोग | राईनास गाउपालिका, लम्जुंग | ८९ घरधुरी | | | | |
| | | | | ३ | निजी आवास निर्माण सहयोग | कैलाश गाउपालिका, मकवानपुर | ३९ घरधुरी | | | | |
| | | | | ४। | निजी आवास निर्माण सहयोग | थाहा नगरपालिका, मकवानपुर | १४९ घरधुरी | | | | |

जम्मा: ३४७ घरधुरी

नि॰ सचिव